# नेपाली रिफोर्म्ड मण्डली

## निर्देशिका



# विषय-सूची

१. नेपाली रिर्फोम्ड मण्डलीको नियमहरु,/बिधानहरु ४

२. पास्टर एल्डरहरु सम्बन्धि नितिनियम तथा आचारसंहिताहरु ८

३. एन आर सि पास्टर एल्डरहरुको अभिषेक सम्बन्धी नितिनियमहरु १५

४. एन आर सिको आर्थिक नितिनियमहरु १९

५. एन आर सिको क्षेत्रिय कार्य संरचना २४

# नेपाली रिफोंम्ड मण्डलीको नियमहरू/बिधानहरू

## नेपाली रिफोंम्ड मण्डलीहरुका मुख्य मुल्य मान्यताहरु :

१ सञ्चालक समितिको बोर्डमा एल्डर अभिषिक्त हुनु भएका एल्डर, दक्ष र एक स्थानिय मण्डलीमा सात वा सो भन्दा बढि बर्ष सेवा गरिसकेको हुनुपर्छ । उहाँ आत्मिकि बरदानहरु : विनम्रता, गोठालो आचरणले भरिएको अगुवाईपन र आत्मिकि तहहरुमा समय सठीक निणर्यहरु लिन सक्ने हुनुपर्छ ।

२ उक्त व्यक्तिले येशू ख्रीष्टको गुण र चरित्रहरु धारण गर्नुपर्छ ।

३ यी चरित्रहरु जिवनशैलीमा देखिएको हुनुपर्छ ।

क) सबै कुरा भन्दा माथि परमेश्वरलाई प्रेम गर्नुपर्छ ।

ख) सबै लिखितम् नियम वा बिधानहरुको सारमा (भन्दा माथि) छिमेकीहरुलाई प्रेम गर्नु पर्छ ।

४ नेपाली रिफोंम्ड मण्डली (हरु) सधै बाईवलिय, प्रेरितहरुको शिक्षामा आधारित, प्रोटेस्टेन्ट, ईभान्जलिकल, रिफोंम्ड र नेपाली मण्डली रहनेछ ।

५ मण्डली (हरु) सधैँ धन दौलत, र परियोजनामा भन्दा, ख्रीष्टलायक अगुवापनमा बृद्धि हुनुपर्छ ।

DRAFT

### अग्रलेख

येशू ख्रीष्टले उहाँको मृत्यु र पुनरुत्थानपछि, उहाँको चेलाहरुलाई मिसनको लागी समर्पित गर्नुभयो, जुन मिसनचाहिँ परमेश्वरको राज्यको सुसमाचार प्रचार गर्ने, र सबै जातीहरुलाई ख्रीष्ट केन्द्रित समुदायहरु संगठित गर्दै चेला बनाउनु हो जसलाई हामी मण्डली भन्दछौं । यही मिसनको सार वा आज्ञाकारितामा, नेपाली रिफोंम्ड मण्डली संसारभरि रहेका नेपालीहरु माझ येशू ख्रीष्टको मिसन पुरा गर्न संगठित भएको छ । मण्डली ख्रीष्टको शरीर हो । ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ । सम्पुर्ण शरीर

(मण्डली) आफैँ ख्रीष्टको अधिन वा प्रभुत्वमा (अधिकार र चरित्र) समर्पित हुनुपर्छ । बाईवल परमेश्वरको बचन हो । पबित्र आत्मा परमेश्वरले बोल्ने र लेख्ने प्रक्रियामा अभिप्रेरित गर्नुभयो जसले आज पनि मण्डलीद्वारा प्रेरित र लागु गर्नुहुन्छ ।

सत्यता र आत्माले भरिएको आराधनामा उहाँको बचन प्रति पूर्ण समर्पण भएर र ख्रीष्टको सुसमाचारको सेवा र यसका सबै तहहरुमा समर्पण भई परमेश्वरलाई महिमा दिनु यस मण्डलीको लक्ष्य वा मिसन हो ।

विश्वासको कथन : नेपाली रिर्फोम्ड मण्डलीहरुको विश्वासको मापदण्ड, प्रेरितहरुको विश्वासको सार, एथानासियन विश्वासको सार, हाइडलबर्ग धार्मिक सिद्धान्तहरु, बेल्जिक कन्फेसन, र क्यानन् अफ डर्ट हुन् र यी सबैमा भएका सिद्धान्तहरु वा शिक्षाहरु बाईवलमा आधारित छन् र बाईवललाई नै अन्तिम अधिकारको रुपमा स्वीकार गरेका छन् ।

DRAFT

## परिच्छेद १

**नाम :** मण्डली अभियानको नाम नेपाली रिर्फोम्ड मण्डलीहरु भनिने छन् ।

## परिच्छेद २

### लक्ष्यहरु

नेपाली रिर्फोम्ड मण्डली नेपालमा भएका नेपाली समुदायहरुको लागी र संसारभरि भएका सबै नेपालीहरुको लागी एक अभियान हो ।

**लक्ष्य :** येशू ख्रीष्टको प्रभुत्वमा बाईवलिय आधारमा स्वस्थ हुने र यस अर्न्तगतका सदस्य मण्डलीहरुलाई उचित स्याहार गर्नु नेपाली रिर्फोम्ड मण्डली सिनोडको लक्ष्य हो ।

### कार्य

नेपाली रिर्फोम्ड मण्डलीको सिनोडले ख्रीष्टको अधिनतामा अन्तिम अधिकार पाएर नेपालमा उत्कृष्ट र स्वस्थ ख्रीष्टको शरीर हुनको लागी परमेश्वरको बचनको अध्ययनद्वारा, यसका मण्डलीहरुमा एकता र असल व्यवस्था खोज्न, व्यक्त भएको मण्डलीको दर्शन हासिल गर्न र सुसमाचारको फलहरु फलाउन सबैलाई मदत गर्न, एक साधारण सभाको रुपमा कार्य गर्नेछ ।

यसको दर्शन हासिल गर्न उत्प्रेरित हुनु, र यसको मिसन (लक्ष्य) र मुल्यमान्यताहरुलाई माथ गर्नु हो ।

मण्डलीहरुलाई सेवा पुऱ्याउँदा सहिष्णुता निश्चित गर्ने, र यसको स्रोत साधनहरुलाई सहजीकरण गर्नु हो ।

हरेक मण्डलीले मण्डली सेवाकाई सम्बन्धि र आर्थिक प्रतिबेदन नेपाली रिफोर्म्ड मण्डलीको कार्यालयमा बुझाउनु पर्नेछ। त्यसको संक्षिप्त विवरण सञ्चालक समितिमा बार्षिक रुपमा बुझाउनु पर्नेछ ।

एन आर सि सिनोडको उद्देश्यहरु दुई भागमा छन् : एन आर सिमा एकेबद्ध भएका ख्रीष्टको शरीर (मण्डली) लाई सेवाकाईको लागी आत्मिकी खुराकहरु जुटाउने र यसको उत्कृष्ट व्यवस्थापन गर्ने ।

## परिच्छेद ३

## ढाँचा र सदस्यता

### १ सदस्यता

DRAFT

एन आर सिका सदस्यहरु यसका सबै सदस्य मण्डलीका अभिषेक भएका पास्टरहरु, एल्डरहरु र डिकनहरु हुन् । येशू ख्रीष्ट जो मण्डलीको शिर हुनुहुन्छ, उहाँमा समर्पित भई सबैले एकतामा काम गर्नुपर्छ । एन आर सिमा नियुक्त भएका हरेक सदस्य मण्डलीका एल्डरहरु एन आर सि सिनोडको सदस्य हुनेछन् । सिनोडको सदस्यताको अबधि तीन वर्षको हुनेछ जुन चाहिँ पुनः निर्वाचनद्वारा नविकरण हुनसक्छ ।

### सिनोड

यसको सबै प्रकृयाहरुमा एन आर सिको सिनोड नै ख्रीष्टको अधिनमा अन्तिम अधिकार हुनेछ । हरेक मुख्य बिषयहरु र निर्णयहरुको लागी तिनीहरु बार्षिक रुपमा सञ्चालक समितिको रहोबरमा भेला हुनेछन् ।

एन आर सिका पदाधिकारीहरु नै सञ्चालक समितिका सदस्यहरु हुनेछन् । यसका पदाधिकारीहरुको नियुक्ति हरेक सदस्य मण्डलीका दक्ष र नियुक्त भएका प्रतिनिधिहरुद्वारा हुनेछ । एन आर सि सिनोडका सदस्यहरुले सञ्चालक समिति चुन्न पाउनेछ ।
सिनोडको मध्यस्थ वा सभापति चाहिँ सञ्चालक समितिको अध्यक्ष हुनसक्छ ।

## परिच्छेद ४

## निर्वाचन

हरेक सदस्य मण्डली सिनोडमा दुई जना एल्डरहरु छान्नको लागी जिम्मेवारी हुनेछन्। चुनिएका एल्डरहरुले सिनोडमा तीन वा सो भन्दा बढि अवधि सेवा गर्नु पर्नेछ।

सञ्चालक समितिको निर्वाचन हरेक तीन तीन वर्षमा हुनेछ। पुन : निर्वाचन भएमा एक सदस्यले अधिक वर्षहरु पनि सेवा गर्न सक्नेछ।

## सदस्यको समयाबधि सम्बन्धि

सञ्चालक समितिको मध्यस्थकर्ता र अध्यक्ष दुई वर्षको अवधिमा स्थापना हुनेछ। पुन : निर्वाचन भएमा समय अवधि लम्बिन सक्छ।

कुनै सदस्य वा पदाधिकारी आफ्नो पदमा असन्तुष्टि भई खारेज हुन चाहेमा उक्त व्यक्तिले निर्णय परक सबै कारणहरु खुलस्त बनाई पेश गर्नु पर्नेछ जुन चाहिँ सञ्चालक समितिले अनुमोदन गर्दछ।

DRAFT

## परिच्छेद ५

## संशोधन

प्रस्तावित भएका संसोधन गर्नुपर्ने बुँदाहरुमाथि पर्याप्त अध्ययन र कारणहरु देखिनुपर्छ। स्थानिय मण्डलीहरुमा प्रस्तावित संसोधनका बुँदाहरु लैजानु पर्छ र सिनोडमा बुझाउनु अघि उक्त मण्डलीका नियुक्त भएका समितिहरुले अनुमोदन गर्नुपर्छ।

बिधान संशोधन गर्न, लिखित प्रस्तावित संशोधनका बुँदाहरुमाथि सिनोडको सभामा अत्यधिक मत आएको हुनुपर्नेछ।

दर्शन र मिसन स्थापना गर्ने र सोही अनुसारका मुख्य मुल्यमान्यताहरुमाथि संशोधन हुनेछैन। हरेक प्रकृया बचनको अधिकार ख्रीष्टको प्रभुत्वमा समपर्ण हुनुपर्छ।

# पास्टर एल्डरहरु सम्बन्धि नितिनियम तथा आचारसंहिताहरु

## १ परिचय :

## नेपाली रिफोर्म्ड मण्डली

येशू ख्रीष्टले आफ्नो मण्डली (शरीर) को लागी राख्नुभएको दर्शन अनुसार नेपाली रिफोर्म्ड चर्च एक मण्डली स्थापनाको अभियान हो र दर्शन चाहिँ यो हो : दर्शन : नेपाली रिफोर्म्ड चर्च, नेपाल (एन आर सी) अनुग्रहको ईनार हो, जसबाट उगाएर सेवा गर्दा, नेपालका ७५ जिल्लामा ख्रीष्टकेन्द्रित मण्डलीहरु निर्माण हुनेछन् ।

DRAFT

मिसन "येशु ख्रीष्टको चेला बन्दै अरुलाई चेला बनाउने" हो ।

## एन आर सिका मुल्यमान्यताहरु यसप्रकार छन् :

१. आत्मा र सत्यताले भरिएको आराधना, २. बाईवलीय र आधुनिक (सान्दर्भिक) प्रचार शिक्षा, ३ सुसमाचार प्रचार र अभियान परिचालन, ४. सइमान्दारी चेलापनको जीवन, ५. ख्रीष्टका लायक अगुपन निर्माण, ६. अनुग्रहले भरीएका समाज, ७. धार्मीकताको न्यायवादी जीवन

## २ लक्ष्य तथा उद्देश्यहरु

एन आर सिको दर्शन मिसन र मुल्यमान्यता अनुरुप स्वस्थ मण्डलीहरु स्थापना गर्न अगुवाहरुलाई मदत पुऱ्याउनु, एन आर सि मण्डलीका पास्टर तथा एल्डरहरु सम्बन्धी निति नियमको लक्ष्य हो ।

यसको उद्देश्य चाहिँ एन आर सि चर्च अर्न्तगत सेवाकाई गर्ने अगुवाहरुको बीचमा पारस्परिक समझदारी र समान बुझाई सृजना गर्नु हो, जसले गर्दा मण्डलीमा एक उत्कृष्ट सेवाकाई को शैली वा संस्कार सृजना हुँदछ र मुल्यमान्यता अनुसार ख्रीष्ट लायक अगुवाहरु बनिँदै जानेछन् ।

## ३ आधारभुत मुल्यमान्यताहरू (एन आर सिको मुल्यमान्यताहरूलाई हेर्नुहोस्) ।

१ मण्डली स्थापना अभियानको काम र सम्बन्धमा उच्च ईमान्दारीताको आशा गरिएको छ ।

२ स्थानीय मण्डलीहरु आफ्नै मण्डलीका अगुवाहरु र एल्डरहरुको नेतृत्वमा एन आर सिले कोरेको खाकाभित्र सेवा दिन र पाउन स्वतन्त्र रहेका हुन्छन् ।

३ एन आर सि अर्न्तगत रहेका हरेक मण्डली र पास्टरहरु, यसको विश्वासको सार, शिक्षा र नेतृत्व पद्धतिको खाकाअनुसार सेवाकाईमा समर्पित भएको हुनुपर्छ ।

४ एन आर सिको सभाले निति नियम हरुलाई मार्गदर्शन गर्न र लागु गर्न सिफारिस गर्ने अधिकार राख्दछ ।

## ४ स्थानीय मण्डलीहरू प्रति एन आर सिको सम्बन्ध समर्पणता

(सम्बन्धका पाँच आधारहरु पनि हेर्नुहोस्)

क) एन आर सि, मण्डलीहरुको संगती झुण्ड र मण्डली स्थापना अभियान हो र विशेष गरी मण्डली स्थापना सेवाकाईलाई, मण्डलीको दर्शन, मिसन र मुल्यमान्यताहरु प्रति समर्पित हुँदै, परिचालित गर्न, स्वस्थ प्रशाशनमा कटिबद्ध हुनेछ ।

ख) बाईवली शिक्षा सम्बन्धि निर्देशन गर्न एन आर सि नै प्रमुख निकाय हो । जसले अगुवापन सम्बन्धि अन्य कुराहरुलाई पनि निर्देशन गर्दछ ।

DRAFT

## ५ अगुवाको परिभाषा

**१ पास्टर :** मण्डलीमा चौतर्फी सेवा पुऱ्याउन बिशेष गरि सिकाउने वरदान र जिम्मेवारी भएको एक अभिषिक्त जन पास्टर हुन् । पास्टरीय सेवामा भाग लिन, अभिषेक भएको वा पास्टरीय सेवाकाई गर्दै आएको हुनुपर्छ । पास्टर मण्डलीको शैक्षिक वा शिक्षा दिने एल्डर पनि हुन् ।

**२ एल्डर :** बाईवलले माग गरे अनुसारका योग्यताहरु भएको व्यक्तिहरु एल्डरहरु हुन् । उहाँहरु :

क) मण्डलीले प्रस्तावित गरी चुनिएको हुनुपर्छ ।

ख) मण्डली परिषद् ले सिफारिस गरेको हुनुपर्छ ।

ग) यस सेवाको लागि विश्वासयोग्य मण्डलीको अगुवाहरुको समितिले अवलोकन र जाँच लिएको हुनुपर्छ

(अभिषेक सम्बन्धी नितिनियमहरु पनि हेर्नुहोस्)

३ मण्डली परिषद् : मण्डलीमा नियुक्त भएका एल्डरहरुले नै मण्डलीको परिषद् बनेको हुँदछ ।

४ डिकनहरु : दयाको सेवा गर्न वरदानहरु र वाईवलीय योग्यताहरु भएका, पास्टर एल्डरहरुले प्रार्थना गरी अभिषेक भएका र मण्डलीले स्वीकार गरी डिकनको सेवामा नियुक्त भएका अगुवाहरु हुन् ।

५ सेवाकाईका सहकर्मीहरु : प्रचारकहरु, बालबालिकाहरुको सेवाकाई, जवान, आराधना, प्रार्थना, आमा दिदीबहिनी, सानो झुण्ड, साथै प्रशाशन जस्ता कामहरुमा पुर्णकालिन वा आंशिक सेवा गर्ने हरु सेवाकाईका सहकर्मीहरु हुन् ।

६ अगुवाहरुको समूह : यो मण्डलीको काम गर्ने अगुवाहरुको समुह हो । मण्डली परिषद नभएको र सबै काम व्यवहारहरु सम्हाल्ने समिति नभएको मण्डलीमा यो समुह जरुरी हुन्छ ।

७ प्रचारक : एक अगुवा, वा संगतीको हेरचाह गर्ने गोठालो हुन् । सुसमाचार प्रचार गरी बिशेष मण्डली स्थापना गर्ने दर्शन भएका व्यक्ति हुन् । मण्डली सुरु भएको सात वर्ष सम्म एक व्यक्ति मण्डलीको प्रचारक हुनुपर्छ ।

८ आमा मण्डली चाहिँ, मुख्यतया अरु मण्डलीहरुको मुख्य अभिभावक मण्डली हुनेछ र आर्थिक क्षेत्रमा, अगुवापनको कुरामा, पारस्पारिक जिम्मेवारको कुरामा, प्रतिवेदनहरु बुझिलिने र मुल्याकंन गर्ने कामहरु गर्दछ ।

९ परिषद चाहिँ एल्डहरुले बनेको मण्डलीको समिति हो ।

१० मण्डलीको अन्य परिषद चाहिँ एल्डरहरु, डिकनहरु र मण्डलीमा सेवाकाई गरिरहेका व्यक्तिहरुको झुण्ड हो ।

११ साधारण सभाहरु दुई तहमा छन् :

क) स्थानीय मण्डली सम्बन्धित कुराहरुको लागि स्थानीय मण्डलीका पास्टरहरु, एल्डरहरु साथै सदस्यहरुको भेला हो ।

ख) एन आर सिको सभा चाहिँ सदस्य मण्डलीहरुका पास्टरहरु, एल्डरहरु र मण्डली अगुवाहरुको सभा हो ।

१२ सिनोड : सामान्यतया बर्षमा एक पटक भेला हुने र एन आर सि मा आईपर्ने अलि जटिल र उच्च तहका कुराहरु छलफल गर्ने सभालाई सिनोड भनिनेछ ।

१३ एन आर सि बोर्ड चाहिँ, एन आर सि सिनोड र साधारण सभालाई निर्देशन गर्ने समिति हो ।

DRAFT

**सारांशमा :**

- एन आर सि बोर्ड
- सिनोड
- सभाहरु (स्थानीय र एन आर सि)
- कन्सिस्टोरी
- समितीहरु

# ६ आचार संहिता

## १ पास्टरहरु, एल्डरहरु, डिकनहरु र सेवाकाई सहकर्मीहरुको जिम्मेवारी र आचार संहिताहरु

पास्टरहरु मुख्य गरि स्थानीय मण्डलीमा, र एन आर सि अर्न्तगत भएको पारस्पारिक जिम्मेवारीको खाका भित्र रहेर सेवा गर्न जिम्मेवार छन् ।

DRAFT

क) स्वीकृत बिदाको अबस्था बाहेक, स्थानीय मण्डलीका पास्टरहरु हरेक हप्ता बचन प्रचार गर्न जिम्मेवार छन् ।

ख) उनीहरुको मुख्य जिम्मा बचन प्रचार र बाइवल सिकाउने, प्रार्थनाको सेवा, संगतीहरु र धार्मिक बिधिहरु संचालन गर्नु हो । अरु कामहरु को लागि यी प्राथमिक कामहरु छुटाउन हुँदैन ।

ग) पास्टहरुले मण्डलीको सभा, अगुवाहरुको समितिको बैठकहरुको अध्यक्षता गर्नेछन् साथै अफिसका रेकर्ड तथा आर्थिक कुराहरुको विवरणहरु लाई पनि कायम राख्नेछन् ।

घ) मण्डलीका सदस्यहरुलाई पास्टरीय वास्ता गर्दै, बिभिन्न सेवाकाईमा परिचालित गर्दछन् ।

## २ समय प्रतिबद्धता सम्बन्धि :

क) पास्टरहरु, एल्डरहरु अगुवाहरु र पुर्णकालीन वा अन्य सेवाकार्य गर्ने व्यक्तिहरुले मण्डली प्रतिको समय प्रतिवद्धतालाई आदर गर्नुपर्छ । सामान्यतया, पुर्णकालिन सेवा गर्नेहरुको लागि, दैनिक ८ घण्टा र हप्ताभरिमा कम्तिमा ४० घण्टा सेवा पुर्‍याउनुपर्ने छ ।

ख) पास्टरहरु मण्डली हाताभित्र कार्यलय कायम गरिएको हुनुपर्नेछ र अन्य सेवाको लागि समेत उपलब्ध हुनुपर्छ ।

ग) पास्टरहरु हरेक बिहानी प्रार्थना अगुवाई गर्न जिम्मेवार छन् । गोठालो जस्तै हर समय नै पास्टरीय सेवामा उपलब्ध हुनुपर्छ ।

## ३ एन आर सि सभाप्रतिको प्रतिबदता

क) एन आर सिमा पास्टरीय जिम्मेवारीहरु चाहिँ, फराकिलो तहमा अगुवाहरुको संगती र पारस्पारिक उत्तरदायित्वमा र सकृय सहभागितामा निहित हुँदछ ।

ख) एन आर सि सभाहरुमा पास्टर एल्डरहरुको अनिवार्य उपस्थित हुनैपर्छ ।

ग) हरेक दुई महिनामा उनीहरु एन आर सिमा (अफिस) मा र हरेक महिना स्थानीय मण्डलीमा समग्र (फोटोहरु, प्रगति विवरण, गवाही, र आर्थिक) प्रतिवेदन बुझाउन जिम्मेवार छन् ।

घ) उनीहरुले सबै प्रतिवेदनहरु एन आर सि का बार्षिक र अर्धबार्षिक सभाहरुमा बुझाउनु पर्नेछ ।

ङ) सभाका सदस्यहरुले एन आर सिको स्वास्थ र दीगोपनलाई ध्यान दिनेछन् ।

च) स्वस्थ मण्डली र संगतीको लागि, एन आर सिका अगुवाहरु बीच स्वस्थ संचार कायम राख्नुपर्छ ।

DRAFT

## ४ बिदा सम्बन्धि :

क) एक वर्षभरिमा पास्टरहरु १८ दिन सम्म बिदा बस्न सक्नेछन् ।

ख) एन आर सि अफिस वा मण्डलीको परिषदबाट बिदा स्वीकृत नभईकन पास्टरहरु बिदामा बस्न पाउने छैनन् ।

ग) यदि स्थानीय मण्डलीमा पास्टर एक महिना सम्म स्वीकृति बिना गयल भएमा, सेवाबाट बरखास्त हुन सिफारिस गरिनेछ, यसबारे अन्तिम निर्णय एन आर सि परिषद्ले लिनेछ ।

*बेतलबि बिदा : यससम्बन्धि व्यवस्था सेवाकाई सम्बन्धि नितिमा उल्लेख गरिनुपर्छ ।*

## ४ एन आर सि का आर्थिक प्रतिबद्धता

क) एन आर सिका हरेक पास्टरहरु र कर्मचारीहरुले स्थानीय मण्डलीमा दशांश दिनुपर्नेछ ।

ख) हरेक मण्डलीले एन आर सि लाई, १० प्रतिशत भेटी बुझाउनेछन् ।

ग) मण्डलीको सभाहरुमा, वा एन आर सिको भेलाहरुमा भेटी संकलन गरिनेछ । विशेष भेटीहरु कुनै पनि समयमा दिन सकिनेछ ।

घ) एन आर सिमा भएको जगेडा कोष चाहिँ तलका कुराहरुमा प्रयोग हुँनेछ ।

१ एन आर सि भेलाहरुमा
२ एन आर सि समितिको निर्देशनमा अति आकस्मिक सेवाहरुमा,
३ एन आर सि भेलाहरुमा लाग्ने, यातायात खर्चहरुमा ।
४ अन्य

समय आएपछि क्षेत्रिय पास्टरहरु साथै, क्षेत्रिय परिषदहरु पनि तोकिनेछन् जसलाई क्लासिस भनिनेछ ।

## ७ अनुशाशन सम्बन्धि

क) माथि उल्लेखित आचारसंहिताभन्दा बाहिर गएमा, बाईवल र एन आर सिको मापदण्ड अनुसार अनुशाशनमा राखिनेछ ।

ख) सेवाकाई बाट स्वईच्छा अवकाश लिने सम्बन्धमा

ग) सेवाकाई छोड्नुको कारण खुलस्त पार्दै निवेदन दिनुपर्छ सो निवेदन पास्टरहरु वा अगुवाहरुले तीन महिनाको पुर्व सुचना एन आर सि मा दिनुपर्नेछ ।

घ) एन आर सिका औपचारिक भेलाहरुमा पास्टरहरु र शिक्षा दिने एल्डरहरु भलादमी पोशाक लगाएर प्रस्तुत हुनेछन् ।

DRAFT

# एन आर सी मण्डली प्रशासनिक बनावट

| **“काउन्सिल”**<br>**Council:**<br>Local Assembly | **“क्लासिस”**<br>**Classis:**<br>Regional Assembly | **“सिनोड”**<br>**Synod:**<br>Delegates/Representatives of regional assemblies |
|---|---|---|
| स्थानीय मण्डलीका एल्डर, डिकन र अन्य अगुवाहरुको झुण्ड<br><br>अपौचारिक रुपमा यस झुण्डलाइ “काउन्सिल” भनिन्छ ।<br><br>स्थानीय मण्डलीको यस झुण्डलाइ एन आर सी मण्डलीमा “अगुवाहरूको टोली” वा “लीडरशिप टीम” पनि भनिने गरिएको छ । | क्षेत्रीय मण्डलीका एल्डर, डिकन र अन्य अगुवाहरुको झुण्ड<br><br>औपचारिक रुपमा यस झुण्डलाइ “क्लासिस” भनिन्छ ।<br><br>एन आर सी मण्डलीहरु ५ क्षेत्रहरुमा बिभाजीत गरिएको छ यस झुण्डमा क्षेत्रीय मण्डलीको प्रतिनिधि गर्ने अभिषिक्त एल्डरहरु तथा अन्य अगुवाहरू शामेल हुन्छन् । | क्षेत्रीय मण्डलीबाट प्रतिनिधि गर्ने अभिषेक्त एल्डरहरुको झुण्ड<br><br>औपचारिक रुपमा यस झुण्डलाइ “सिनोड” भनिन्छ ।<br><br>यो झुण्ड प्रत्येक क्षेत्रमा रहेको अभिषेक्त एल्डरहरुको समूह हो हरेक सिनोड सभामा क्षेत्रीय मण्डलीहरुबाट कम्तिमा ३ देखि ४ सम्म अभिषिक्त एल्डरहरुको प्रतिनिधि पठाउन सकिन्छ । |

DRAFT

**Draft prepared by Rev. Arbin Pokharel**

Presented at NRC Biannual Conference, Godawari, April 24-27, 2017

Approved by Elders' council (Rev. AP, Rev. RT, Rev. LR. Dr. PS and Mr.SKW.

10/15/2017

# एन आर सि पास्टर एल्डरहरूको अभिषेक सम्बन्धी नितिनियमहरू

DRAFT

### १ एन आर सिमा भएको अफिसहरू

एन आर सि मा पास्टरहरु, एल्डरहरु, डिकनहरु र सेवाकाई सहकर्मीहरुका (प्रचारकहरु, अगुवाहरु, प्रशिक्षकहरु) कार्यालय छन् ।

क) पास्टर : स्थानीय मण्डलीको हेरचाह गर्न नियुक्त भएका एक गोठालो हुन् ।

ख) एल्डर : स्थानिय मण्डलीमा प्रशाशनको काम गर्न, दक्ष र चुनिएका बरिष्ठ अगुवाहरु नै एल्डर हुन् ।

ग) डिकन : खाँचोमा परेकाहरुलाई दयाको सेवा गर्ने अगुवाहरु डिकनहरु हुन् ।

घ) सेवाकाई सहकर्मीहरु : प्रचारकहरु

मण्डली स्थापना गर्ने उद्देश्य अनुसार सुसमाचार प्रचार गर्ने वरदान साथै जोश भएका अगुवाहरु प्रचारकहरु हुन् ।

### २ एन आर सिका मण्डलीमा पास्टर हुन चाहिने योग्यताहरू

क) एन आर सि मण्डलीहरुमा पास्टर हुन आवेदन दिएको एक व्यक्तिमा यी कुराहरु हुनुपर्छ ।

१ एक मण्डलीको एल्डरमा हुनुपर्ने योग्यताहरु भएको हुनुपर्छ ।

२ बाइवल, थियोलोजी, अगुवापन र आत्मिकीकुराहरुमा पर्याप्त तालिम लिएको हुनुपर्छ । शहरी क्षेत्रहरुमा सेवा गर्न चाहनेहरुले थियोलोजीमा  स्नातक गरेको वा सो भन्दा बढि अध्ययन गरेको हुनुपर्छ ।

३ ४: बी, २ मा बताए अनुसार अभिषेकको प्रकृया पुरा गरेपछि एक व्यक्ति पास्टर नियुक्त हुँदछ ।

### ३ उम्मेदबारी छनोट गर्ने समिती

क) अभिषेकको लागि उम्मेदबार छनोट गरी सिफारिस गर्ने समितीमा एल्डरहरु र बरिष्ठ पास्टरहरु हुँदछन् ।

ख) एक स्थानीय मण्डलीले सिफारिस गरि सिनोडले अनुमोदन गरेको उमेदबारलाई २ वर्षभित्र जाँचबुझ गरिसक्नुपर्छ ।

ग) सिफारिस गरिएको उमेदवारलाई समितिले यी मापदण्डहरु अनुसार जाँचबुझ गर्नुपर्छ :

१) बाईवलको ज्ञान

२) सेवाकाईमा वोलावट र योग्यताहरु

३) खीष्टिय चरित्र

४) थियोलोजी

घ) महिनाको एकपटक समितीले उमेदबारलाई सरसल्लाह दिनको लागि एक परामर्शदाता खटाउनेछ ।

ङ) उनीहरुले सल्लाह सुझाव वा सिफारिस सहितको एक लिखित प्रतिवेदन सिनोडलाई बुझाउनेछन् ।

च) पुर्ण प्रतिवेदन जाँचबुझ को अन्तिम बर्षमा सिनोडमा प्रस्तुत गरिनेछ र अभिषेकको लागि उमेदबार स्वीकृत गर्ने अधिकार सिनोड लाई मात्र हुनेछ ।

DRAFT

## ४ अभिषेकको प्रकृया तीन चरणमा हाुदछ ।

### क) उम्मेदबारको छनोट

१ अभिषेकको लागि प्रस्तावित व्यक्तिले सेवाकाईमा आफ्नो बोलावट पहिल्याएको हुनुपर्छ जुन मण्डलीका अरु सम्बन्धित अगुवाहरुले पनि ठम्याएको हुनुपर्छ ।

२ मण्डलीले मनोनित गरेको दक्ष व्यक्तिहरु हुनुपर्छ ।

३ सेसन र क्लासिसले स्वीकृत गरेको हुनुपर्छ ।

४ क्लासिस वा सभालाई लिखित सिफासिस प्रस्तुत गरेको हुनुपर्छ ।

### ख) प्रकृया तयारी

१ सेसन, क्लासिस र सभाले स्वीकृत गरेको व्यक्ति समितीको माताहातमा जाँचबुझको प्रकृयामा जानेछ, यो अबधि ३ बर्ष भन्दा कम हुनुहुँदैन ।

२ जाँचबुझ यी चारवटा बिधाहरुमा आधारित हुन्छ ।

१ बाइवलको ज्ञान र थियोलोजी

२ सिकाउने आचरण र अगुवापनको चरित्रहरु

३ सफेद सम्बन्धहरु

४ आत्मिकी अनुशाशनहरु

३ समिती, बरिष्ठ पास्टर, परिवार र नगिचको मेन्टोरले उमेदवारको पक्षमा सेवाको लागि लिखित सिफारिस बुझाउनुपर्छ ।

### ग) अभिषेक र पदप्रतिस्थापन

१ स्वीकृत भएको व्यक्ति अब मण्डलीको रितिअनुसार अभिषेक हुन तयार हुँदछ।

२ परमेश्वरको उपस्थिती र  मण्डली गवाही भएर आराधना सेवाको समयमा अभिषेकको सेवा मण्डलीको बरिष्ठ एल्डरहरुले गर्दछन्।

३ अतिरिक्त अभिषेक चाहिँ व्यक्ति जुन सेवाको लागि नियुक्त भएको हो त्यसैको लागि स्वीकृत हुनु हो।

## ५ अभिषेक सार्ने सम्बन्धी

अरु सम्प्रदाय वा मण्डलीमा अभिषेक भई एन आर सिमा अभिषेक सार्न इच्छुक वा आवेदन दिएकाहरुको लागि।

क) व्यक्तिले अभिषेक भएको प्रमाण पत्र, अन्य कागजाजहरु साथ साथै एन आर सिमा अभिषेक सार्न पाउँ भनि लिखित निवेदन बुझाउनुपर्नेछ।

ख) निवेदन दिने व्यक्तिले प्रस्तावित पदको लागि कम्तिमा ७ सात वर्ष पुर्णकालिन सेवा गरेको छ भने मात्र आवेदन स्वीकार्य हुनेछ।

ग) सबै प्रकृया पुरा भएपछि, र समितीले निवेदन स्वीकृत गरेपछि व्यक्ति अभिषेकको लागि उमेदवार हुनेछ।

घ) बिगतको सेवाकाई, मण्डली र एन आर सिले पक्का गरेको छ भने व्यक्ति अभिषेकको प्रकृयामा जानेछ र समयाबधि पनि छोट्याउन सकिनेछ।

ङ) समितीले स्वीकृत गरी कम्तिमा २ वर्ष जाँच बुझ पछि पास भएर गएको व्यक्तिको अभिषेक एन आर सिमा स्वीकार्य हुनेछ।

च) अभिषेक पुर्ण रुपमा स्वीकृत हुनुअघि उमेदवार पास्टरले एक वर्ष चाहिँ परिक्षण पास्टरको रुपमा सेवा गर्नुपर्छ।

## ६ पास्टरीय प्रतिस्थापना

एक व्यक्ति जस्ले पास्टरीय प्रतिस्थापना इच्छाएको छ भने, एन आर सिले तोकेको एक एल्डरमा हुनुपर्ने योग्यताहरु उक्त व्यक्तिमा हुनुपर्छ।

क) बाईवलीय ज्ञान, थियोलोजी, सेवाकाई र चरित्रहरु, यी कुराहरुमा व्यक्तिको पुर्ण जाँच भएको हुनुपर्छ।

ख) एन आर सिले मान्यता दिएको, शिक्षण संस्थाहरुबाट उसले थियोलोजीमा मास्टर गरेको हुनुपर्छ, तापनि पास्टरहरु र एल्डरहरुले यसबारे  बैकल्पिक निर्णयहरु लिन सक्छन्।

DRAFT

ग) एन आर सिले मान्यता दिएको एक स्थानीय मण्डलीमा एल्डरको रुपमा कम्तिमा पाँच वर्ष सेवा गरेको हुनुपर्छ ।

घ) मण्डलीका कम्तिमा २ जना कार्यकारीहरुले उमेदबारलाई सिफारिस गरेको हुनुपर्छ ।

ङ) स्थानीय मण्डलीले स्वीकृत गरेको र मण्डलीको सभाहरुबाट छनोट प्रकृया भएको र लिखित माइनुटिङ्ग राखेको हुनुपर्छ ।

च) सबै चाहिने कुराहरु, पदप्रतिस्थापन र कामहरुको लागि सेवा गर्ने मण्डली नै जिम्मेवार हुँदछ ।

## ७ पास्टरीय सेवाकाईको निम्ति प्रस्ताव नमुना

हामी प्रस्ताव गर्दछौ कि, यसै मण्डलीका एल्डर, लकिम राई, जसलाई यसै मण्डलीका पास्टर अगुवाहरुले वाइवलको ज्ञान, सेवाकाइको वोलावट, र मण्डलीको गोठालोका कामहरुमा, पवित्र आत्माले भरीएको, आत्मिकी वरदानहरुले यूक्त, सथै ... पाएका छौं, यसैकारण हामी उनको नाम पास्टरीय सेवाकाइको निम्ति नियूक्तिको लागि प्रस्ताव मण्डलीको स्वीकृतिको लागि राखेका छौं ।

DRAFT

# एन आर सिको आर्थिक नितिनियमहरू

### १ परिभाषा र बुझाई

क) हरेक आर्थिक कुराहरु उपर बाईवल धर्मशास्त्र चाहिँ हाम्रो निर्देशिका पुस्तक हुनेछ।

ख) नेपाली रिफोर्म्ड मण्डली, एक मण्डली अभियान हो, मुनाफा रहित चल्ने यो अभियानको क्रममा उपलब्ध सबै कोषहरु स्व ईच्छा प्रदान गरिएका हुन् ।

ग) स्थानिय मण्डलीलाई प्रदान गरिने प्रत्येक कोष, सोही मण्डलीमा भएको कार्यकारीणि समितिको मातहातमा व्यवस्थित तथा परिचालित हुनुपर्दछ। त्यसैगरि, एन आर सि लाई प्रदान गरिएको कोष पनि एन आर सि परिषद् वा नियुक्त भएको समितिले नै व्यवस्थापन र परिचालित गर्नेछ।

DRAFT

घ) सम्बन्धित पक्षहरु बीच नसुल्झिएका हरेक आर्थिक बिवादहरु क्रम अनुसार (परिषद् - समिति - सिनोडमा) समाधान गरिनेछन् ।

### २ मान्यताहरूः एन आर सि को मूल्य मान्यताहरू पनि हेर्नुहोस् ।

क) एन आर सि, मण्डलीहरुको एक झुण्ड वा समुदाय हो यस अर्थ यो स्वयंसेवक समाज हो (स्व ईच्छुक समाज हो), जहाँ सबै दियाईहरु स्वईच्छा र बिश्वासका आधारमा हुँदछन् ।

ख) सम्भव भएसम्म, एन आर सि स्थानिय तथा राष्ट्रिय तहमा एक स्वोपालन समाज बन्न प्रयत्नशिल रहन्छ ।

ग) ईमान्दारिता, चाहिँ व्यक्तिगत र संगठनात्मक दुबै तहमा आबश्यक ठानिएको छ र यसलाई उच्च प्राथमिकतामा राखिएको छ। कुनै अगुवा आर्थिक व्यवहारमा ईमान्दार नभएको पाईएमा उसले नियुक्त एल्डरहरुको निर्देशन, वा एल्डरहरुको परिषद् ले निर्धारण गरेको क्षतिपुर्ति तिर्नुपर्नेछ।

घ) एल्डरहरु (पास्टरहरु समेत) मण्डलीका बुद्धिमान् चुनिएका अगुवाहरु हुन्, उहाँहरु नै स्थानीय मण्डली, तथा एन आर सिका कोषहरु व्यवस्थापन गर्न जिम्मेवार छन्। पास्टर एल्डरहरुको निति लाई हेर्नुहोस् ।

ङ) स्थानिय मण्डलीहरुको मुख्यतया लेखा आमा मण्डली साथै साथै एन आर सिको कार्यलयप्रति हुनेछ ।

च) एन आर सि अर्न्तगत अभिषिक्त पास्टरहरु, एन आर सि का सदस्य हुनुका साथै सेवारत स्थानीय मण्डलीको पनि सदस्य हुन् ।

## ३ आम्दानी स्रोत

एन आर सि को मिसन र मण्डली स्थापनाको लागी चाहिने कोषहरु निम्नानुसार संकलित हुनेछन् ।

१ स्थानीय मण्डलीको कोष : एन आर सिका हरेक मण्डलीहरुले तोकिएअनुसारको दशांश भेटी एन आर सि को कार्यलयमा पठाउनेछन् ।

२ "मिसन कोष" बाह्य स्रोतहरुबाट उपलब्ध हुने कोष : उपलब्ध भएअनुसार, व्यक्तिहरुको स्व ईच्छा भेटि दान वा संघसंस्थाहरु बाट संकलित हुने कोष ।

## ४ आर्थिक कारोबार वा लेनदेन सम्बन्धि:

१ एन आर सिमा उपलब्ध रकम बैंकमा जम्मा गरिनेछ, र आर्थिक लेनदेनको लागी भौचरहरु र खाता नम्बरहरुमा, आधिकार प्राप्त कम्तिमा ३ जना पास्टरहरु मध्ये "कुनै २ जनाले" जारी गर्न सक्नेछन् ।

२ बैंकहरु नभएको खण्डमा स्थानीय सहकारी संस्थाहरु प्रयोग गरिनेछ, यदि यी सहकारीहरु पनि उपलब्ध नभए, मण्डलीबाट एल्डरहरुको सरसल्लाहमा परिचालित गर्न सकिनेछ ।

३ स्थानीय मण्डलीको आर्थिक समितिलाई आमा मण्डलीका पास्टरहरु र एन आर सि कार्यलयसँग सरसल्लाह गरी कोष उपयोग गर्न अधिकार दिइएको छ ।

४ डिकनहरु मुख्यतया कोषहरुको प्रयोग, व्यवस्थापन, र स्पष्ट हिसाब किताब लिखित राख्न जिम्मेबार हुनेछन् ।

५ आम्दानी र खर्चका सबै बिवरणहरु भौचर र बिल (चलानी) सहित राखिनुपर्दछ, यदि यी कुराहरु छैनन् भने प्रस्ट रुपमा पास्टर वा अगुवाहरुको सही छाप सहित राख्नुपर्छ ।

## ६ मण्डली स्थापना ह्ुादै गरेको अवस्थामा:

१ बिबिध पक्षहरुमा सहमति भई प्रचारकहरुको नियुक्ती गरिनेछ जस्तै: सेवाकाई गर्ने ठाउँ, सम्बन्धको रुप, समयाबधि र अन्य सेवाहरु ।

DRAFT

२ सुरुवातमा, प्रचारकहरुसँग आर्थिक प्रतिबद्धता चाहिँ पाँच वर्ष अबधिको हुनेछ । यो अबधि भरिमा स्थानीय नयाँ मण्डली स्वोपालन भईसक्नुपर्नेछ ।

३ पाँच वर्ष पछि एन आर सि ले प्रचारकलाई आर्थिक सहयोग गर्नेछैन यसर्थ स्थानीय मण्डलीले नै पाल्नुपर्ने हुन्छ ।

४ तलब भत्ता चाहिँ व्यक्तिको शैक्षिक योग्यता, सेवाकाईको अनुभव, बहन गरिने जिम्मेवारीहरु र स्थानीय मण्डलीको अगुवाहरु साथै समितिको सरसल्लाह अनुसार तोकिनेछ ।

## ७ एन आर सि आर्थिक लेखा संरचना

१ एक स्थानीय मण्डलीको सबै आर्थिक कुराहरु (संकलन, लेखा र रेकर्ड) आर्थिक समिति नै जिम्मेवार हुँदछ तर बरिष्ठ पास्टर समितिको सचिब नभएर र सदस्य मात्र हुनेछन् ।

२ हरेक स्थानीय मण्डली ले यसका आर्थिक बिवरणहरु मासिक रुपमा सोही मण्डलीमा प्रस्तुत गर्नुपर्छ ।

३ मण्डली भनि घोषणा नभएको संगती झुण्डहरुमा चाहिँ प्रचारक स्वयंमले आर्थिक हिसाव किताब को लिखित बिवरण सोही झुण्डमा प्रस्तुत गर्नेछन् ।

४ मण्डली संचालन गर्न आर्थिक अभाव भएमा, स्थानीय मण्डलीको मुख्य व्यक्तिले आमा मण्डली र एन आर सि कार्यलयमा खबर गरि सहयोग लिन सक्नेछन् ।

४ स्थानीय मण्डलीले आँटेको कुनै परियोजनाहरु छन् भने कार्यान्वयन पुर्व बजेट सहित अगुवाहरुको झुण्डमा वा एन आर सि कार्यलयमा प्रस्तुत गरी स्वीकृती लिनुपर्नेछ ।

५ एन आर सि को कार्यलयले एन आर सि मा आबद्ध मण्डलीहरुको आर्थिक लेखा राख्नेछ ।

## ८ पास्टरहरू र कर्मचारीहरू

१ पास्टरहरु: एन आर सि अर्न्तगत अभिषेक हुँदछन्, वा पहिले अभिषेक पाएका पास्टर वा एल्डरहरुको अभिषेक तालिमको प्रकृया, जाँचहरु साथ एन आर सिमा सरुवा गरिन सकिन्छ ।

२ प्रचारकहरु : एन आर सि को सहयोगमा स्थानिय तवरमा सुसमाचार प्रचार गरी, मण्डली स्थापना गर्न एन आर सि द्वारा नियुक्ति पाएकाहरु व्यक्तिहरु प्रचारकहरु हुन् ।

DRAFT

## ९ पास्टर र प्रचारकहरूको पारिश्रमिक निती:

१ एन आर सि को मापदण्ड अनुसार एन आर सिले पास्टर वा प्रचारकहरुलाई सहयोग गर्नेछ ।

२ तलब भत्ता चाहिँ व्यक्तिको शैक्षिक योग्यता, सेवाकाईको अनुभव, आशा गरिएका जिम्मेवारीहरु र मण्डलीको अगुवाहरु साथै समितिको सरसल्लाह अनुसार तोकिनेछ ।

## १० मण्डली समुदायमा भएको कोष हिनामिना सम्बन्धि निति:

१ पास्टर आफैं आरोपित छैनन् भने, यस्तो अवस्थामा पास्टर सहित र आदरणीय प्रतिनिधि गवाही व्यक्तिहरुको एउटा समिति र एन आर सि सदस्यहरु लाई जाँचबुझ गरी र आवश्यक कार्वाहीको निम्ति सिफारिस गर्न सोही मण्डलीमा पठाईने छ ।

## ११ सेवा सुबिधाहरू र अतिरिक्त बोनस

१ अतिरिक्त बोनस : कोष उपलब्ध भएमा ख्रीष्टमसको समयमा नियमित तलबको आधारमा बोनस दिइनेछ ।

२ बार्षिक बृद्ध : तीन वर्ष पुर्णकालिन सेवाकाई गरिसकेपछि तलबमा बार्षिक बृद्धि हुन सक्नेछ सो को लागि पुर्णकालिन मिसिनरी /कर्मचारीहरुको बार्षिक समीक्षा गरी समितिको सिफारिस बमोजिम बार्षिक बृद्दि दिइनेछ यस्तो बृद्धि सोही मण्डलीको कोषबाट दिइनेछ ।

३ तीन वर्ष सेवाकाई गरेपछि पास्टरको तलब ५० प्रतिशत सेवा गरेको स्थानीय मण्डलीबाट आउनुपर्नेछ र पाँच वर्ष पछि सत प्रतिशत नै स्थानीय मण्डलीबाट आउनुपर्नेछ ।

४ संचयकोष, यो प्रकारको कोष वा सेवा सुबिधा एन आर सिमा अभ्यास गरिएको छैन ।

५ अवकास हुँदाको रकमको बारेमा पछि, छलफल गरिनेछ ।

६ पास्टरहरुको छोराछोरीलाई पढाई खर्च सम्बन्धमा उपयुक्त समयमा आवश्यक निर्णय लिइनेछ ।

७ मण्डलीमा भएको कोष बाट कति जति पास्टरको परिवारले उपभोग गर्न पाउने त्यस सम्बन्धि समय आएपछि निर्णय गरिनेछ तापनि यसको जिम्मा स्थानीय मण्डलीलाई दिइनेछ ।

८ आवास भत्ता: पास्टरको परिवारले पाउनुपर्छ भन्ने हो ।

DRAFT

९ आपत्कालीन कोषहरुः हरेक पास्टर वा पुर्णकालीन सेवक लाई आधिकारिक रसिद वा भर्पाई हरु पेश भएमा बर्षको दश हजार रुपियाँ पाउन योग्य छन्।

१० जीवन बीमा : यस प्रकारको निति एन आर सि मा छैन ।

**Approved by Elders' council**

Rev. AP, Rev. RT, Rev. LR, Dr. PS & Skw

10/15/2017

DRAFT

# एन आर सिको क्षेत्रिय कार्य संरचना

## १ परिचय :

हालसम्म एन आर सि अर्न्तगत ३० भन्दा माथिको संख्यामा मण्डली तथा संगतीहरु रहेका छन् । उक्त संगती तथा मण्डलीहरुलाई चौतर्फी वास्ता पुर्‍याउन एन आर सि अफिस साथै मिसन पास्टरले निकै मेहेनत गर्नुभएको छ भनेदेखि एन आर सिको दर्शन अनुसार भोलिका दिनमा मण्डली बढेर जानेछन् तसर्थ बृहत्तर संगती तथा मण्डलीहरुलाई समेटेर चौतर्फी वास्ता पुर्‍याउनको लागि क्षेत्रिय कार्य संरचनाको आवश्यकता महशुस गरिएको छ ।

DRAFT

दयाको सेवाकाई सम्बन्धि अध्ययन समितिले २०१७ को फेब्रुअरी महिनामा बर्दियामा बोलाएको बैठकले पनि एन आर सि क्षेत्रिय कार्य संरचनाको संक्षिप्त छलफल गरि खाका कोर्ने प्रस्ताव सिफारिस गरेको थियो । जसअनुसार एन आर सिको मण्डलीहरु कम्तिमा ५ क्षेत्रहरुमा बिभाजन गरिनेछन् र हरेक क्षेत्रमा एक जना अगुवा चयन गरिनेछ ।

## २ उद्देश्य वा लक्ष्य :

हरेक मण्डलीहरुले एन आर सिको दर्शन, मिसन र मुल्यमान्यताहरुमा अपनत्व, सहकार्य र पारस्परिक संगती सहभागिता जनाउनेछन् ।

आफु वरपरका मण्डली तथा पास्टर अगुवाहरु प्रति पारस्परिक संचार, संगती तथा अन्य सहयोगी कृयाकलापहरुमा समर्पित हुँदै एक स्थानीय उत्कृष्ट र स्वस्थ मण्डली बनिँदै जानु यसको लक्ष्य हो ।

एन आर सिले मण्डलीहरु लक्षित आयोजना गर्ने सभा, सम्मेलनहरु, सेमिनारहरु, अन्य कृयाकलापहरुमा चुस्त संचार गरि एक्येबद्धता जनाउनेछन् ।

## ३ मुल्य मान्यताहरू

१ क्षेत्रिय संगती एन आर सि कै मातहातको संगतीहरु हुन् तसर्थ क्षेत्रीय संगतीलाई परिचालन गर्न, निर्देशन गर्न साथै पारस्पारिक लेखा राख्न अन्तिम अधिकार एन आर सि सभाकै हुनेछ ।

२ क्षेत्रिय संगतीहरु परियोजना हात पार्ने प्रतिस्पर्धात्मक इकाईहरु होइनन् ।

३ चेलापनमा डोर्‍याउन, मण्डली स्थापनाको संम्भावना अध्ययन, पहिचान र सिफारिस गर्न, साथै सम्भावित अगुवाहरु पहिचान, र सिफारिस गर्नु क्षेत्रिय संगती सेवाकाई संरचनाको प्राथमिक मान्यताहरु हुन् ।

४ क्षेत्रिय संगती मण्डलीहरु र यसका पास्टर अगुवाहरुको संगती भएको हुँदा मण्डली सिमीत र केन्द्रित हुनेछ ।

## ४ क्षेत्रिय मण्डलीहरूको संयोजक पास्टरहरूको जिम्मेवारी सम्बन्धि :

१ आफ्नो क्षेत्रमा रहेका अगुवाहरुसँग निरन्तर संचार, संगती, र स्रोतसाधनहरुको आदन प्रदान गर्न खाँचो र अनुकुलता पहिल्याउन जिम्मेबार छन् ।

२ आफ्नो क्षेत्रका मण्डलीहरुका अगुवाहरु सहितको कार्यकारिणी समितीको गठन र कार्य प्रकृया अगाडि बढाउन जिम्मेवार छन् ।

DRAFT

२ अभिषिक्त पास्टर भएको खण्डमा, आफ्नो क्षेत्रका मण्डलीहरु जहाँ अभिषेक पाएका अगुवाजनहरु छैनन्, त्यहाँ ख्रीष्टिय धार्मिक बिधिहरुको अभ्यास सेवा गर्न जिम्मेवार छन् ।

३ आफ्नो क्षेत्रका मण्डलीहरुको कुनै परियोजना प्रस्ताव गर्नुपरेमा, उक्त परियोजना क्षेत्रीय पास्टर लगायत गठित समितीले जाँचबुझ पारित गरि एन आर सिमा पेश गर्न जिम्मेवार छन् ।

४ एन आर सि अफिस भरतपुर तथा क्रस वे चर्च आमा मण्डली प्रति हरेक संयोजक पास्टर लेखा दिन, प्रतिवेदन दिन र संचार गर्न जिम्मेवार हुँदछन् ।

५ दर्शन मिसन र मुल्यमान्यता लक्षित कार्यक्रमहरु, संगती भेलाहरु आव्हान र परिचालन गर्न जिम्मेवार छन् । जस्तै : टि एल टि, चेलापन तालिम, सुसमाचार अभियान ईत्यादि ।

## ५ क्षेत्रिय पास्टर नियुक्ति सम्बन्धि :

१ क्षेत्रिय मण्डलीहरुको समितिले उमेद्‌वार प्रस्ताव गरि एन आर सिको सभामा सिफारिस गर्न सक्छन् ।

२ एन आर सि सभा छनोट र नियुक्ति प्रकृयाको अन्तिम अधिकार हुनेछ ।
३ समयावधि कम्तिमा ३ वर्षको हुनेछ ।
४ समितीको निर्वाचन प्रकृया तीन तीन वर्षमा हुनेछ ।

## ६ क्षेत्रिय संगतीहरुप्रति एन आर सि सभाको समर्पणता

१ क्षेत्रिय संगतीहरुको योजना (सेवाकाई सम्बन्धि), कृयाकलापहरु प्रति सहभागिता जनाउन ।
२ उपलब्ध भएसम्मको स्रोत साधनहरु परिचालित गर्न ।
३ एन आर सिको दर्शन, मिसन र मुल्यमान्यताहरुमा सकृय सहभागीता जनाउन उत्साह दिन ।
४ एन आर सि मण्डलीहरु पाँच क्षेत्रहरुमा वर्गिकरण गरिएको छ । ( पुर्व क्षेत्र/अगुवा, राजधानी/अगुवा, पश्चिम/अगुवा, मध्य पश्चिम/अगुवा, सुदुर पश्चिम/अगुवा)

## क्षेत्रिय सेवाकाई सम्बन्धि केही निर्देशनहरू

१ समितीको बैठक कम्तीमा ३ महिनामा एक पटक हुनेछ ।
२ बैठकमा छलफल गरिने एजेण्डाहरु बैठक अगावै एन आर सि अफिस भरतपुरमा पठाउनुपर्ने छ ।
३ बैठकमा सेवाकाई बारे प्रतिबेदन, प्रार्थना,

DRAFT

DRAFT

DRAFT

© नेपाली रिफोर्म्ड मण्डली